# लेटी माविको ६८औं वार्षिकोत्सव सम्पन्न



विराटनगर(उस)/ मोरङको रतुवामाई नगरपालिका-५ गोविन्दपुर स्थित ऐतिहासिक लेटी माध्यमिक विद्यालयले ६८औं वार्षिकोत्सव भव्य समारोहका साथ मनाएको छ। सो समारोहमार्फत लेटी माविले ६८ वर्ष यात्राबाट प्राप्त भएको शैक्षिक, भौतिक र सामुदायिक उपलब्धिहरूको उत्साहपूर्ण समीक्षा समेत गरेको छ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक मेघनाथ कोइरालाले विद्यालयको ऐतिहासिक पृष्ठभूमि, वर्तमान प्रगति र भौतिक पूर्वाधारबारे जानकारी गराएका थिए। साथै डिजिटल शिक्षण, पुस्तकालय विस्तार र प्रयोगशाला अद्यावधिकीकरण जस्ता सकारात्मक परिवर्तनहरू भएको उल्लेख गर्दै सोकालागि शिक्षक र समुदायको समर्पणको सराहना गरे। यद्यपि, आधारभूत संरचना, शैक्षिक सामग्री र जनशक्ति व्यवस्थापनका चुनौतीहरू अझै रहेको र तिनको समाधानका लागि सबै पक्षको निरन्तर सहयोग आवश्यक रहेको उनले बताए।

सो अवसरमा रतुवामाई नगरपालिकाका प्रमुख नागेश्वरप्रसाद सिंह गनगाईले लेटी माविलाई समावेशी र गुणस्तरीय शिक्षाको केन्द्र बनाउने नगरपालिकाको लक्ष्य रहेको घोषणा गरे। विद्यालयको पूर्वाधार सुधार, डिजिटल शिक्षण प्रवर्द्धन र विद्यार्थी विकासमा नगरपालिकाबाट पूर्ण सहयोगको प्रतिबद्धता व्यक्तसमेत गरे। कोष नियन्त्रक कार्यालय मोरङका प्रमुख तोमनाथ उप्रेतीले 'शिक्षा पाठ्यपुस्तकमा सीमित नभई सिकाइको वातावरण निर्माणमा निर्भर छ,' भन्दै विद्यार्थी संख्याको वृद्धि अनुरूप थप पूर्वाधार विकास र प्रविधिमैत्री शिक्षणमा जोड दिन आग्रह गरे।

सो अवसरमा नगरपालिका शिक्षा शाखा प्रमुख रविन्द्रकुमार पण्डित, विद्यालयका पूर्व प्रधानाध्यापक रूपनारायण मिश्र, नेपाल विद्युत प्राधिकरणका शाखा अधिकृत टेकनाथ शर्मा, वडाध्यक्ष सोमनाथ कार्की, समाजसेवी बलबहादुर केसी तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहम्मद शमसेरले समेत मन्तव्य राखेका थिए। कार्यक्रम विद्यार्थीहरूका मनमोहक सांस्कृतिक प्रस्तुति, उत्कृष्ट विद्यार्थी र शिक्षकहरूलाई सम्मान तथा पुरस्कार वितरण गरिएको थियो। ६८ वर्षको गौरवशाली यात्रापछि लेटी मावि गोविन्दपुर शैक्षिक उत्कृष्टता र सामुदायिक एकताको माध्यमबाट नयाँ इतिहास रच्न तयार रहेको सन्देश समारोहले दिएको छ। स्थानीय सरकार, व्यवस्थापन समिति र समाजको संयुक्त प्रयासले यस विद्यालयको 'नमूना शिक्षालय' बन्ने संकल्प साकार हुने विश्वास व्यक्त गरिएको छ।

# ढाका बुनाइ तालिम



सुन्दरहरैंचा (उस)/ सुन्दरहरैंचा नगरपालिकास्थित प्रगति महिला समाजको आयोजना तथा सुन्दरहरैंचा नगरपालिकाको आर्थिक सहयोगमा भएको ७८ दिने मागमा आधारित ढाका बुनाइ तालिम सम्पन्न भएको छ।

गत चैत्र १२ गतेदेखि सञ्चालन भएको तालिममा १५ जना महिलाहरू सहभागी थिए। तालिमको समापन कार्यक्रममा नगर प्रमुख केदारप्रसाद गुरागाईले सीप सिकेर बस्ने नभई त्यसलाई व्यवहारमा उतारेर व्यवसायिक बन्नुपर्नेमा जोड दिए। उपमेयर अकली चौधरीले महिलाहरूलाई आत्मनिर्भर बनाउन नगरपालिकाले ढकिया, बेकरी, मोबाइल मर्मत तथा मुडा बनाउने तालिम समेत सञ्चालन गरेको जानकारी दिइन्।

कार्यक्रममा आयोजक समाजकी अध्यक्ष पार्वती गच्छदारले सहभागी महिलालाई ढुक्क भएर व्यावसायिक काममा लाग्न आग्रह गर्दै उत्पादन भएको सामानको बजारीकरणमा सहयोग गर्ने उल्लेख गरिन्। ढाका बुनाइ तालिममा सहभागीले आफूहरूलाई स्वरोजगार बन्न हौसला मिलेको अनुभव सुनाएका थिए।

## धार्मिक पर्यटन प्रवर्द्धन गर्न गुम्बा निर्माण

भोजपुर/षडानन्द नगरपालिका- १० तीनतलेमा 'साम्तोलिङ' बौद्ध गुम्बा निर्माण गरिएको छ। बौद्ध संस्कृतिको संरक्षणसँगै धार्मिक पर्यटन क्षेत्रको विकासका लागि यहाँ बौद्ध गुम्बा निर्माण गरिएको हो। षडानन्द नगरपालिका- १० साम्पाङका वडाध्यक्ष पेमदोर्ची शेर्पाका अनुसार तीनतलेमा केन्द्र सरकार, प्रदेश सरकार, स्थानीय सरकार र स्थानीयको जनश्रमदानसहित करिब एक करोड २० लाख लागतमा गुम्बा निर्माण गरिएको हो।

करिब दुई रोपनी जमिनमा गुम्बासँगै भान्सा, शौचालय, धारालगायतको संरचना निर्माण गरिएको छ। वडाले पाँच लाख बजेट विनियोजन गरेर गुम्बाभित्र बौद्ध धर्मसँगसम्बन्धी विभिन्न चित्र तथा आकृति बनाएको वडाध्यक्ष शेर्पाले बताए। पहिलाको पुरानो गुम्बा २०७२ सालको भूकम्पले जीर्ण बनेपछि वडाको पहलमा नयाँ गुम्बा निर्माण गर्न सफल भएको उनको भनाइ छ। रासस


**ओम साई भेनियर ईण्डष्ट्रिज उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धित सार्वजनिक सूचना**

**(प्रकाशित मिति : २०८२/०२/३०)**

कोशी प्रदेश, मोरङ जिल्ला, कटहरी गाउँपालिका वडा नं. २ मा ओम साई भेनियर ईण्डष्ट्रिजद्वारा निम्न प्रयोजनको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको व्यहोरा | वार्षिक १,९०,००० क्यू. फिट काठजन्य पदार्थ प्रयोग गरी भेनियर पत्ती र प्लाइबोर्ड उत्पादन र बिक्री वितरण गर्ने |
| प्रभाव पर्न सक्ने क्षेत्र | कटहरी गाउँपालिका वडा नं. २ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका स्थल क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी, सरोकारवाला व्यक्ति तथा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १०(दश) दिनभित्र निम्न ठेगानामा आइ पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ओम साई भेनियर ईण्डष्ट्रिज<br>ठेगाना : कटहरी गाउँपालिका -२, मोरङ, कोशी प्रदेश<br>सम्पर्क व्यक्ति : बैजनाथ कुमार चौधरी<br>सम्पर्क नं. : ९८१४८२०४५७<br>इमेल : baijnath29@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | फास्ट ट्र्याक इन्जिनियरिङ कन्सल्टेन्सी<br>ठेगाना : विराटनगर महानगरपालिका वडा नं. १३, मोरङ<br>सम्पर्क व्यक्ति : अजित कुमार झा<br>सम्पर्क नं. : ९८४४३५७८२५<br>इमेल : ajitfast@gmail.com |



## हार्दिक समवेदना



जन्म
वि.सं. २००३।१२।२२

स्वर्गारोहण
वि.सं.२०८२।०२।१८

**स्व.श्यामबहादुर थापा**

हाम्रा आत्मिय मित्र श्री विनोद थापाको ज्येष्ठ दाई श्यामबहादुर थापाको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

राज श्रेष्ठ
विजय श्रेष्ठ

अनिष अर्याल
सुवर्ण के.सी.
विद्या पोखरेल


# पर्यटक प्रहरी अनुशिक्षण



विराटनगर(उस)/कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले आयोजना गरेको सातदिने पर्यटक प्रहरी अनुशिक्षणको समापन भएको छ। बिहीबार आयोजित समापन कार्यक्रममा प्रहरी उपरीक्षक दीपक पोखरेलले कोशी प्रदेशमा रहेका विभिन्न प्राकृतिक, धार्मिक सम्पदा तथा रमणीय पर्यटकीय स्थलहरूको अवलोकन र भ्रमण गर्न विदेशी तथा स्वदेशी पर्यटकको आवागमन हुने हुँदा आवश्यक शान्ति सुरक्षालगायत विविध दृष्टिकोणले सहजीकरणको लागि पर्यटक प्रहरी परिचालन गर्नुपर्ने आवश्यकताको महशुस गरी पर्यटक प्रहरी अनुशिक्षण सञ्चालन गरिएको बताए।

तालिममा कोशी प्रदेश अन्तरगत रहेका विभिन्न प्रहरी कार्यालयहरूमा कार्यरत प्रहरी निरीक्षकदेखि प्रहरी जवानसम्मका ६० जना प्रहरी कर्मचारीहरूको सहभागिता थियो।


**धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति २०८२ साल जेठ महिना ३० गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय धनकुटाबाट तपशिलमा उल्लेखित ऋणीले साना आवास कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिकी गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिकी सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिकी गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**ऋणीको विवरण**

जय बहादुर भण्डारीको नाति लाल बहादुर भण्डारीको छोरा सुनसरी जिल्ला धरान न.पा. वडा न. १७ हाल, धरान उ.म.न.पा. वडा न. १ बस्ने **एक बहादुर भण्डारी** (ना.प्र.नं. : ५३०/०६७ जारी मिति र जिल्ला : २०४४/१२/३०, सुनसरी)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) चुम्बक बहादुर कार्किको छोरी लाल बहादुर भण्डारीको बुहारी एक बहादुर भण्डारीको पत्नी धनकुटा जिल्ला ले गुना गा.वि.स. वडा न. १ हाल, सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा न. १ बस्ने **सिता देवी कार्कि** (ना.प्र.नं. : ७२१/३२५ जारी मिति र जिल्ला : २०५३/०३/२०, धनकुटा)

२) जगत बहादुर खनालको नाति विर बल खनालको छोरा सुनसरी जिल्ला धरान न.पा. वडा न. १७ बस्ने **राजेश खनाल** (ना.प्र.नं. : ०६/५२७४२ जारी मिति र जिल्ला : २०६८/१२/०६, सुनसरी)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**

१) मिति २०८०/१२/१६ को मध्यान्ह दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

२) मिति २०८१/०१/२७ को अभियान राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिकी सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| एक बहादुर भण्डारी | धनकुटा जिल्ला चुलिवन वडा नं. १ | १ | ३०९ | १२-०-०-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०३/१३ गते शुक्रबार भित्र यस बैंकको शाखा कार्यालय धनकुटा आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/१५ गते आइतबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय धनकुटामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



# भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २००७।०६।११

स्वर्गारोहण
वि.सं.२०८२।०२।२६

**स्व.पीताम्बर दाहाल**

लोकतान्त्रिक आन्दोलनका एक योद्धा, उद्घोष दैनिकमा लामो समयसम्म स्तम्भ लेखन गर्नुभएका स्तम्भकार, लेखक, बौद्धिक एवम् विचारक नेता पीताम्बर दाहालको असामयिक निधनबाट हामी स्तब्ध भएका छौं।

सामाजिक उन्नयन तथा विकासमा महत्वपूर्ण योगदान दिनुभएका कर्मनिष्ठ, सहयोगी एवम् नि:स्वार्थी मनका मनकारी व्यक्तित्व, शान्त र शालीन छविका आदरणीय पीताम्बर दाहाललाई गुमाउनुपर्दा हामी अन्यन्त मर्माहत भएका छौं। उहाँको अमरआत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै राजनीतिक तथा सामाजिक जीवनका पथप्रदर्शक, घरपरिवार तथा समाजकै अभिभावक गुमाउनुपर्दाको यस दुखद् घडीमा परिवारका सम्पूर्ण सदस्यजनहरूमा पर्न गएको पीडाप्रति गहिरो दु:ख व्यक्त गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

उद्घोष राष्ट्रिय दैनिक
एवं
सौगात प्रकाशन प्रा.लि. परिवार
विराटनगर